प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर

## औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप कार्यक्रम) का लागि शिक्षालय/विद्यालयहरूले प्रस्ताव पेश गर्नेसम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०३/२३**

नेपाल सरकार र स्वीजरल्याण्ड सरकारबीच भएको द्विपक्षीय सम्झौता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) का क्षेत्रमा सञ्चालित दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोस्रो (ENSSURE-II) तर्फको यस मन्त्रालयको बजेटबाट आगामी आर्थिक वर्ष २०८२/०८३ बाट २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप कार्यक्रम) सञ्चालन गर्ने कार्यक्रम भएकाले सम्बन्धन प्राप्त कोशी प्रदेशभित्र सञ्चालनमा रहेका **आङ्गिक शिक्षालय, साझेदार शिक्षालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS)** विद्यालयहरूमध्ये यो कार्यक्रम सञ्चालन गर्न इच्छुक शिक्षालय/विद्यालयहरूले उल्लेखित शर्तका आधारमा सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मिति २०८२ साउन ०५ गतेभित्रमा प्रस्ताव पेशगर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावको ढाँचा सामाजिक विकास मन्त्रालयको वेबसाइट mosd.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

तपसिल

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट स्वीकृत प्रि-डिप्लोमा तहको ***औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप कार्यक्रम) भर्ना, छनौट, मूल्याङ्कन र सञ्चालन निर्देशिका*** बमोजिम प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन सञ्चालन हुनेछ साथै उत्तीर्ण प्रशिक्षार्थीलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले प्रमाणपत्र प्रदान गर्नेछ ।

२. शिक्षालय र उद्योग/व्यवसाय दुवै स्थानमा रहेर कार्यस्थलमा आधारित सिकाइ विधि अन्तर्गत सञ्चालन हुने अप्रेन्टिशीप कार्यक्रम २४ महिना अवधिको हुनेछ ।

३. कार्यक्रमको २४ महिना अवधिमध्ये पहिलो ३.५ महिना शिक्षालयमा सैद्धान्तिक विषयको पठनपाठन हुनेछ भने त्यसपछिको १९.५ महिना अर्थात ७८ हप्ता प्रशिक्षार्थीहरूले सम्बन्धित उद्योग व्यवसायमा नै रहेर कार्यस्थलमा आधारित तालिम लिनुपर्ने भएकाले तालिम सञ्चालन गर्ने विषयसँग सम्बन्धित सम्भावित उद्योग/व्यवसाय विवरण प्रस्ताव साथ पेश गर्नुपर्नेछ ।

४. यो कार्यक्रम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट प्रकासित सूचना बमोजिम आगामी आर्थिक वर्ष २०८२/२०८३ बाट सञ्चालन हुनेछ ।

५. अप्रेन्टिशीप तालिम कार्यक्रममा छनौट भई अध्ययन गर्ने प्रशिक्षार्थीहरूले निःशुल्क अध्ययनको अवसर प्राप्त गर्नेछन् । कार्यक्रम सञ्चालन गर्ने शिक्षालय/ विद्यालयहरूलाई सञ्चालन खर्च वापत प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा तालिम **परिषद्बाट** स्वीकृत मापदण्ड अनुसार यस मन्त्रालयबाट सञ्चालन अनुदान प्राप्त हुनेछ

६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम **परिषद्बाट** अप्रेन्टिशीप कार्यक्रमका लागि स्वीकृत भएका पेशाहरू **Electrical Engineering, Mechanical Engineering, Automobile Engineering, Civil Engineering (Building Construction), Hotel Management, Information Technology, Early Childhood Development Facilitation(ECDF)** र **Tea Technology** मध्येबाट प्रस्ताव पेश गर्नुपर्नेछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट थप विषयको पाठ्यक्रम स्वीकृत भएमा स्वीकृत भएपछि पुनः सूचना प्रकाशन गरिनेछ ।

७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट प्रि-डिप्लोमा वा डिप्लोमा तहको सम्बन्धन प्राप्त भई कक्षा सञ्चालन भएको बढीमा चारवटा पेशामा मात्र प्रस्ताव पेश गर्न सकिनेछ । प्रति कार्यक्रम २० वा ३० वा ४० जना प्रशिक्षार्थी भर्ना गर्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।

८. तोकिएको समयभित्र दर्ता भएका प्रस्ताव मध्येबाट शिक्षालय, पेशा र कोटा सङ्ख्या सामाजिक विकास मन्त्रालयले छनौट गर्नेछ । प्राप्त भएका प्रस्ताव स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा कोटा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार सामाजिक विकास मन्त्रालयमा रहनेछ ।

९. ENSSURE परियोजनाको तर्फबाट HELVITAS नेपालबाट तालिम कार्यक्रमको अनुगमन र प्राविधिक सहयोग उपलब्ध हुनेछ।